# विश्व

**हमला**

पश्चिमी युक्रेनको रोमास्थित एक शिविरमा शनिबार राति भएको आक्रमणमा एक व्यक्तिको ज्यान गएको प्रहरीले जनाएको छ।

**खोजि**

उत्तरी थाइल्यान्डको एउटा गुफामा फसेको बताइएका युवा फुटबल टोलिका १२ जना सदस्यलाई उद्धार टोलीले व्यापक खोजी गरिरहेको छ।

2018, JUN Tuesday 26

विश्व २ मिनेट

## पाकिस्तान

### दृष्टिहीन न्यायाधीशमा

लाहौर, (एजेन्सी)

लाहौर युसुफ सलिम पहिलो दृष्टिहीन न्यायाधीश बनेका छन्। उनले ६ हजार ५ जना उम्मेदवारबीच न्यायाधीशका लागि लिएको परीक्षामा शीर्षस्थान हासिल गरेका थिए। तर दृष्टिहीन भएकाले अन्तरवार्तामा उनलाई फेल गरिएको थियो। पाकिस्तानका प्रधानन्यायाधीश साकिब निसारले यसमा हस्तक्षेप गरेपछि चयन समितिले अन्तिम नतिजामा पुनर्विचार गरेको थियो। अब उनी पाकिस्तानको पहिलो दृष्टिहीन न्यायाधीश बन्नका लागि तयार छन्। लाहौरका युसुफले सन् २०१४ मा कानुनको डिग्री पन्जाब विश्वविद्यालयबाट गोल्ड मेडलसहित पुरा गरेका थिए।

## रूस

### क्षुद्रग्रह ठोक्किएको

मस्को, (एजेन्सी)

पाँच वर्षपछि रूसको वायुमण्डलमा अर्को क्षुद्रग्रह ठोक्किन पुगेको छ। चेल्याबिन्स्क नगरमा त्यतिबेला हजारौं झ्याल चकनाचुर भएका थिए । हजारभन्दा बढी घाइते भएका थिए। गतहप्ता बिहानै आकाशमा अर्को क्षुद्रग्रह विस्फोट हुँदा चम्किलो प्रकाश देखिएको थियो। मस्को र युक्रेनको सीमाबीच लिपेत्स नगरमा भएको उक्त घटनामा निस्केको आगोको गोला भिडियो क्यामरामा कैद भएको थियो। यो एक सेकेन्डका लागि चहकिलो भएको र कयौं मिनेटसम्म धुँवा छोडेको देखिन्थ्यो। पृथ्वीको वायुमण्डलमा ठोक्किएको उक्त क्षुद्रग्रहक्लाई अमेरिकी सरकारको परमाणु विस्फोट पत्ता लगाउने सेन्सरले पनि देखाएको थियो।

## थाइल्यान्ड

### उद्धार कार्य

बैंकक, (एजेन्सी)

उत्तरी थाइल्यान्डको एउटा गुफामा फसेको बताइएका एउटा युवा फुटबल टोलिका १२ जना सदस्यलाई उद्धार तैराकीहरूले व्यापक खोजी गरिरहेको सोमबार थाइ प्रहरीलाई उद्धृत गर्दै बैंकक पोस्टले जनाएको छ। स्थानीय प्रशासनले शनिबार ११ देखि १६ वर्ष उमेरका किशोरहरू र तिनका प्रशिक्षक चियांग राइ प्रान्तको थाम लुआंग नांग नोन गुफामा छिरेको बताएको छ। भीषण वर्षाको पानी गुफाको प्रवेशद्वारमा छिरेपछि तिनीहरू अलपत्र परेको अनुमान गरिएको छ। सयौं किलोमिटर लामो सो गुफा पर्यटकहरूबीच निकै लोकप्रिय रहेको छ।

## युक्रेन

### सामूहिक हमला

किभ, (एजेन्सी)

पश्चिमी युक्रेनको रोमास्थित एक शिविरमा शनिबार राति भएको आक्रमणमा एक व्यक्तिको ज्यान गएको प्रहरीले जनाएको छ। मध्यरातको केही समयपछि भिभ शहरनजिकको उक्त शिविरमा विभिन्न हातहतियारसहित आएका मकुन्डोधारीहरूको एक समूहले आक्रमण गरेको बताइएको छ। यस घटनामा छुरा प्रहारबाट एक जना २४ वर्षीय युवकको ज्यान गएको छ भने दस वर्षीय बालकसहित अन्य ४ जना घाइते भएका छन्। आक्रमणको सुत्रधार २० वर्षीय युवकसहित १६ देखि १७ वर्षका सातजना आशंकित व्यक्तिलाई प्रहरीले गिरफ्तार गरेको गृह मन्त्रालयले जनाएको छ।

# आप्रवासी नीतिमा ट्रम्प पुनः कठोर

वासिङ्टन, (एजेन्सी)

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा घुसपैठ गर्ने आप्रवासीले न्यायिक प्रक्रियाको अधिकार नपाउने बताएका छन्। आप्रवासीलाई उनीहरूका बच्चासँग अलग गर्ने फैसलाबाट पछि हटेपछि र ५ सयभन्दा धेरै बच्चाले उनका आमाबुबालाई भेटेपछि ट्रम्प यस बयानसँगै पुनः कठोर आप्रवासी नीतिमा फर्केका छन्।

मध्य अमेरिकी तथा मक्सिकोबाट अमेरिकाको दक्षिणी सीमाको मार्ग हुँदै आउने हजारौं आप्रवासीलाई रोक्न ट्रम्पले मेको शुरूवाटमा आदेश दिएका थिए। सीमा पार गर्ने सबै वयस्कलाई गिरफ्तार गर्न र र उनका बच्चालाई उनीहरूबाट अलग गर्ने उनले आदेश जारी गरेका थिए। बच्चाहरू जालीको बार बाहिर राखेको तस्वीर सार्वजनिक भएपछि अन्तर्राष्ट्रिय तथा देशभित्रै व्यापक आलोचना भएको थियो। त्यसपछि ट्रम्पले बच्चालाई उनीहरूका आमाबुवाबाट अलग गर्ने आदेश फिर्ता लिएका थिए। तर आप्रवासीविरुद्ध उनको कठोर नीति कायम छ।

नोभेम्बरमा हुने मध्यावधि संसदीय चुनावअगाडि आएको ट्रम्पको आप्रवासी मुद्दा अत्यन्त महत्त्वपूर्ण विषय मानिएको छ। यस विषयमा ट्रम्पले आइतबार ट्विट गरेका थिए। 'हामी यिनीहरूलाई आफ्नो देशमा घुसपैठ गर्न अनुमति दिन सक्दैनौं। 'जब कोही आउँछ भने तत्काल हामीले बिनान्यायाधीश वा अदालती मुद्दा उनीहरूलाई जहाँबाट आएका हुन्, त्यहीँ पठाइदिनुपर्छ- उनले लेखेका छन्। उनीहरूलाई अमेरिकी संविधानमा उल्लेख्य कानुनी प्रक्रियाको पालना गर्ने अधिकार दिन नहुने उनले बताएका छन्। आउने सबै परिवारले शरण दिनका लागि अनुरोध गरेका छन्।

्यसले अमेरिकी प्रणलीको राम्रो आप्रवासी नीति तथा कानुन व्यवस्थालाई ठट्टाको विषय बनाएको ट्रम्पले बताए। ट्रम्पले प्रायः आप्रवासीलाई देशमा हुने गरेका अपराधसँग जोड्ने प्रयास गरेका छन्।

# टर्कीमा एर्दोगानलाई चुनावी सफलता

## प्रधानमन्त्री पद हटाइने

इस्तानवुल, (एजेन्सी)

लामो समयदेखि टर्कीको नेतृत्वमा रहँदै आएका नेता रिसेप तायिप एर्दोगानले आइतबार पहिलो चरणकै राष्ट्रपतीय चुनावमा थप ५ वर्ष लामो कार्यकालका लागि विजय हासिल गरेका छन्।

झण्डै सम्पूर्ण मत गणना सकिँदासम्ममा उनले कुल मतको ५३ प्रतिशत मत हासिल गरेको नर्वाचन आयोगले आधिकारिक घोषणा गरेको छ। उनका निकट्तम प्रतिद्वन्द्वी मुहार्रेम इन्सले ३१ प्रतिशत मत ल्याएका छन्।

गत वर्ष विवादास्पद जनमत संग्रह जितेका उनले अब नयाँ राजनीतिक शक्तिको भरपुर उपभोग गर्ने भएका छन्। अब प्रधानमन्त्री पद हटाइने भएको छ। इन्सले मत परिणामलाई स्वीकार गरे पनि मतदान निष्पक्ष नभएको आरोप लगाएका छन्। यसको अन्तिम परिणाम औपचारिक रूपमा शुक्रबार घोषणा गरिने भएको छ।

वर्षौंपछि पहिलो पटक टर्कीमा निकै प्रतिस्पर्धात्मक नर्विचन सम्पन्न भएको हो। अर्थतन्त्रलाई बलियो बनाउने प्रयासमा रहेका एर्दोगानले स्वास्थ स्याहार, शिक्षा र पूर्वाधारमा लगानी गरी यसका लागि ठोस आधार तयार पारेका छन्।

आफू विरुद्धको सैनिक विद्रोह दबाउन सफल एर्दोगानले विपक्षीहरूलाई दमन गर्ने क्रममा करिब १ लाख ६० हजार मानिसलाई जेलमा कोचेका छन्। राजधानी अँकारास्थित आफ्नो पार्टीको प्रधानकार्यालयको बार्दलीबाट भाषण दिँदै एर्दोगानले बताएका छन्, 'यो विजय ८ करोड १० लाख मेरा जनतामध्ये प्रत्येकको हो।' इरानी राष्ट्रपति हस्सन रुहानीलगायत इस्लामिक नेताहरूले एर्दोगानलाई बधाई तथा शुभकामना व्यक्त गरिसकेका छन्। त्यसै गरी रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस विजयलाई एर्दोगानको 'बृहत राजनीतिक अधिकार र आम समर्थन' को संज्ञा दिएका छन्।

# चराजस्तो ड्रोन

बेइजिङ, (एजेन्सी)

चीनले जनतामाथि निगरानी राख्न जासुसी संयन्त्र नक्कली चरा विकास गरिरहेको छ। प्रहरीको क्षमतालाई अत्याधुनिक बनाउन तथा जनतामाथि सरकारको निगरानी बढाउन यो पछिल्लो संयन्त्र हो। यो चराजस्तो देखिने सानो ड्रोनलाई सजिलै ठम्याउन गाह्रो हुन्छ। चीनले यसका लागि 'डोव' नामक प्रोग्राममा आफ्नै संस्करण विकाश गरेको छ।

३० भन्दा बढी सेना र सरकारी एजेन्सीहरूले हालैका वर्षमा कम्तीमा ५ वटा प्रान्तमा चरा आकारको यो ड्रोन सञ्चालनमा ल्याइसकेको साउथ चाइना मर्निङ पोस्टले जनाएको छ।

कम्तिमा चराको आकारको यो ड्रोन अन्य ड्रोनभन्दा फरक छ। यो विशेष मेसिनले एउटा सानो चरा उड्ने तरिकाको नक्कल गरी उडान भर्ने गर्छ। यसको पखेटा ५० सेन्टिमिटर लामो र यो ४० किलोमिटर बेगले उड्न सक्छ।

ड्रोनमा हाइ-डेफिनेसनको क्यामरा, जीपीएस एन्टेना, उडान नियन्त्रन प्रणाली र स्याटलाई सन्चारसँग डाटा सम्पर्क गर्न सक्ने प्रणाली जडान गरिएको छ। यो कडा हावा, वर्षा वा हिमपात र खतरनाक इलेक्ट्रोम्याग्नेटिक असरबाट नोक्सान पुग्न सक्ने प्रारम्भिक चरणमै रहेको छ। यद्यपि यस कार्यक्रममा धेरैको संलग्नता रहेकाले यसको प्रयोग पनि व्यापक हुनसक्ने अनुमान गरिएको छ।

उक्त परियोजनामा संलग्न एरोनटिक्स सह प्राध्यापक याङ वेक्विडले अहिलेलाई यो कार्यक्रम प्रारम्भिक चरणमा रहेको द पोस्टलाई बताए। उक्त प्रविधिले भविष्यमा ठुलो फड्को मार्ने सम्भावना रहेको उनले बताए।

# ≈वाइट हाउस प्रेस सचिव रेस्टुरेन्टबाट बाहिर निकालिए

वासिङटन, (एजेन्सी)

ह्वाइट हाउसका प्रेस सचिव सारा सेन्डर्सलाई ट्रम्पका लागि काम गर्ने बताउँदै भर्जिनियास्थित एक रेस्टुरेन्टका मालिकले सेवा दिन अस्विकार गरेको र बाहिर निस्कन भनेको जनाइएको छ।

शुक्रबार एक फेसबुक प्रयोगकर्ताले आफूलाई भर्जिनियाको द रेनहेन रेस्टुरेन्टका वेटर बताउँदै उनले सेन्डर्सलाई मात्र दुई मिनेटको सेवा दिएको र त्यसपछि सेन्डर्स र ऊसँग आएकाहरूलाई बाहिर जान भनेको उल्लेख गरेको छ। सेन्डर्सले शनिबार ट्विट गर्दै उक्त घटनाको पुष्टि गर्दै भनिन्- 'हिजो राति लेक्सिन्टन स्थित रेडहेन रेस्टुरेन्टले ट्रम्प प्रशासनमा काम गर्ने भएकीले मलाई बाहिर निकाल्यो। म शालिनतापूर्वक म त्यहाँबाट निस्किएँ।'

उक्त रेस्टुरेन्टका मालिक स्टेफनी विल्किंनसनले भने- 'साराको काम मेरो व्यवहारले पचाउन नसक्ने खालको छ। म सधैं मान्छेहरूलाई राम्रो व्यवहार गर्छु ,यहाँसम्म कि जोसँग म सहमत छुइँन, उनीहरूसँग पनि राम्रो व्यवहार गर्छु र आदरताका साथ यस्तो गरिरहने छु।'

राष्टपतिका क्रुर नीतिहरूको पक्षमा बचाउ गर्नेहरूलाई स्वीकार गर्न नसक्ने स्टेफनीले वासिङटन पोस्टलाई बताइन्। आफ्ना धेरैजसो कर्मचारी समलिंगी भएको र सारा सेन्डर्सले सशस्त्र बलमा ट्रान्सजेन्डरलाई अलग राख्ने ट्रम्पको नीतिको बचाउ गरेको उनले बताए।

आप्रवासी अभिभावकलाई उनका बच्चासँग अलग गर्ने ट्रम्पको नीतिको प्रवक्ताद्वारा बचाउ गरेका थिए। ट्रम्पका ती नीतिको आलोचनालाई प्रवक्ता प्रतिवादले आफू हतप्रभ भएको स्टफनीले बताए। रेस्टुरेन्टको केही मानक छन्, जस्तो इमानदारी, दया र सहयोग, जसको पालना गर्नुपर्ने उनले बताए। यसअघि आन्तरिक सुरक्षा मन्त्री क्रिस्टजेन निलसनले पनि रेस्टुरेन्टमा प्रदर्शनकारीहरूको सामना गर्नुपरेको थियो।




**काठ लिलाम बिक्री सम्बन्धि २१ दिने सचना**

प्रथम पटक प्रकाशित मितिः २०७५।३।१२

यस सामदायिक वन उपभोक्ता समहको घाटगद्दि स्थनमा रहेको तपशील अनसारको गोलिया काठ शिलबन्दी बोलपत्र प्रथाव्दारा लिलाम बिक्री गर्न पर्ने भएकोले यो सचना प्रकाशित मितिले २१ औं दिनभित्र म. अ. करमा दर्ता भएका व्यक्ति वा फर्मले बोलपत्र खरिद गरी यस कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न हन जानकारीको लागि यो सचना प्रकाशित गरिएको छ ।

तपसील :

| क्र.स | जात | थान | परिणाम (क्विफिट) |
|---|---|---|---|
| १ | साल | १७ | २१५.०५ |
| २ | असना | १८ | ४६१.३८ |
| ३ | सिरिस | १७ | ३०३ |
| ४ | जामन | ७ | ६७.३७ |
| ५ | कर्मा | ७ | ७७.३३ |
| | जम्मा | ६६ | ११२४.१३ क्विफिट |

श्री पशपति सामदायिक वन उपभोक्ता समह, निजगढ नगरपालिका १२, बारा सम्पर्क नम्बरः ९८४५३८९४९०


# जातीय भिडन्तमा ८६ जनाको मृत्यु

अबुजा, (एजेन्सी)

मध्य नाइजेरियामा कृषकहरू र चौपाया चराउने गोठालाहरूबीच भएको हिंसात्मक भिडन्तमा कम्तिमा ८६ जनाको ज्यान गएको प्लाट्यु राज्यका प्रहरीले जनाएका छन्। केही स्थानीय सञ्चार माध्यमले बिहीबार आदिवासी बेरोम कृषक र फुलामी गोठालेबीच हिंसा शुरू हुँदा ५ जनाको ज्यान गएको बताएका छन्।

शनिबार बदला लिने उद्देश्यले पुनः शुरू भएको भिडन्तमा थप व्यक्तिको मृत्यु भएको हो। सो क्षेत्रमा दशकौंदेखि भूमि विवादलाई लिएर जातीय समूहहरूबीच हिंसात्मक भिडन्त हुँदै आएका छन्। यसअघि पनि मालीमा फुलानी गोठाले र स्थानीय शिकारीबीच भएको भिडन्तमा दर्जनौं व्यक्ति मारिएका थिए। अहिले प्लाट्यु राज्यका ३ वटा भागमा कर्फ्यु जारी गरिएको छ।

राज्यका प्रहरी आयुक्त उन्दी एडीले भिडन्तपछि विभिन्न गाउँहरूमा गरिएको अनुसन्धानबाट ८६ जना मारिएको र अन्य ६ जना घाइते भएको पत्ता लागेको बताएका छन्। उनले ५० वटा घर, १५ वटा मोटरसाइकल र २ वटा अन्य सवारी साधन जलाइएको जानकारी दिएका छन्। नाइजेरिया इस्लामिक लडाकू समूह बोको हरामबाट पनि निकै पीडित रहेको छ।